# कटहरी गाउँपालिकाको ऐम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७७/१०/२१

Scanned with CamScanner

## कटहरी गाउँपालिका

## एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

**प्रस्तावना**

कटहरी गाउँपालिका, मोरङभित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर बृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी कटहरी गाउँपालिकाले देहायको निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७" रहेको छ ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको बहान सम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) " एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहेन स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

(ग) " चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) " गाउँपालिका " भन्नाले कटहरी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

(च) " समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः** (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँ एम्बुलेन्स सेवा व्यस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | - | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | | सदस्य |
| (ग) सामाजिक विकास समितिका संयोजक | - | सदस्य |

(घ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ङ) कटहरी स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

२. समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता रु १००० (एक हजार मात्र) तोकिएको छ । महिनामा दुइ पटक भन्दा बढी बैठक भत्ता लिन पाइने छैन ।

४. समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, परपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने, एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाईने ।

(च) सरोकारवाला तथा अन्य सङ्घहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

(छ) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(ज) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**(५) सेवा शुल्क सम्बन्धी व्यवस्था** । (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची (२) मा उल्लेख भए बापत उठेको रकम गाउँपालिकाले अर्को अलग बैक खाता/कोष खडा गरी त्यस्मा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत दिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(४) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्य योजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषका रकम सामान्यतया चालकको तलब, भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**(६) चालकको नियुक्ती र सेवा सुविधाः**

(१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाले एक जना योग्यता पुगेको चालका सेवा करारमा नियुक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना बिमा गरिनेछ । बिमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट बेहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूची (२) बमोजिम हुनेछ ।

**७. एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार**

(१) एम्बुलेन्स कटहरी गाउँपालिकामा रहेनछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

**८. विविधः** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिको विवरण अनुसूची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार बिरामी, बिरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## अनुसूची-१

### (निर्देशिकाको दफा (५) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

| क्र.स. | देखी | सम्म | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | कटहरी गाउँपालिका | कटहरी गाउँपालिका | ५०० | |
| २ | | विराटनगर | ६०० | |
| ३ | | इटहरी | १२०० | |
| ४ | | धरान | १८०० | |
| ५ | | चितवन | १५००० | |
| ६ | | काठमाडौं | २०००० | |
| ७ | | काकरभित्ता | ४००० | |
| ८ | | दमक | ३००० | |
| ९ | | इनरुवा | १५०० | |
| १० | | जिल्लाका अन्य नगर/गाउँपालिका | प्रति कि.मी रु ३० | |
| ११ | | | | |

- दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ ।
- बाटोमा लाग्ने करहरु प्रयोगकर्ताले नै बेर्होनु पर्नेछ ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फारम भरी बिरामी लैजानु अगावै कार्यालयमा बुझाउनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

२०८०-०९-०१

Scanned with CamScanner

अनुसूची २

(निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१.एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई साधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय चलाउनु नहुने,

५.आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेशागत दक्षता उपचारमा सहयोग गर्नुपर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्यापत जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने ,

११. अस्पताल पूर्व सेवा, एम्बुलेन्स गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म...................................(नाम)......................... ठेगाना..................... ना.प्र.प.नं..........

जिल्ला, ड्राईभिङ लाईसेन्स न........................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । .......................जिल्ला.......................संस्थाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको:

दस्तखत:

मिति:

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :

दस्तखत:

नाम:

पद:

संस्थाको छाप:

प्रमुख प्रशासकीय अधिकृत

२०७८।११।०२

Scanned with CamScanner